"कृषि, शिक्षा, पर्यटन र पूर्वाधार
राजापुर विकासको मूल आधार"

आर्थिक वर्ष २०७५/०७६ को

# बजेट बक्तब्य

## राजापुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, बर्दिया

## ५ नं. प्रदेश

## २०७५

फोन नं. ०८४६६००८८, ०८४४६०८७, ०८४४६०१११

**Email** :-**rajapurmun@gmail.com**

**Webside:- www.rajapurmun.gov.np**

# राजापुर नगरपालिका



राजापुर नगरपालिका
क्षेत्रफलको विवरण (वर्ग किलोमिटर)
भजनी नगरपालिका
टिकापुर नगरपालिका
बर्दिया राष्ट्रिय निकुञ्ज
गेरुवा गाउँपालिका
ठाकुरबाबा नगरपालिका
मधुवन नगरपालिका
राजापुर नगरपालिका
Junga - Rajapur - Bhimapur (IB)
Rajapur-Daulatpur-Sati
Sati (Khairipur) - Khakraula
Ratuwa River-Rangeli (Postal)
Kothiya-Thakurdwara
१
१३.३२२
२
११.९५३
३
१२.८८६
४
१४.५३५
५
१५.०७३
६
१२.२५१
७
८.२९५
८
९
१०.१२९
१०
संकेत
राष्ट्रिय राजमार्ग
गाउँपालिका/नगरपालिका सिमाना
वडा सिमाना
० १ २ ४ ६
कि.मी
१:६०,०००
N
S
E
W
81°2'30"E
81°6'0"E
81°9'30"E
81°13'0"E

# राजापुर नगरपालिका संक्षिप्त बस्तुस्थिती

प्रदेश नं. :- ५
जिल्ला :- बर्दिया
स्थानिय तह :- राजापुर नगरपालिका
क्षेत्रफल :- १२७.०८ वर्ग कि. मि.
वडा संख्या :- १० वटा
जनसंख्या :- ५९५५९
महिला :- ३०६३२
पुरुष :- २८९२१

## जनजाती अवस्था

थारु जाति :- ८२%
अन्य जाति :- १८%

## सिमाना

पूर्व :- मधुवन नगरपालिका
पश्चिम :- कैलाली जिल्ला, टिकापुर नगरपालिका (७ नं. प्रदेश)
उत्तर :- गेरुवा गाउँपालिका
दक्षिण :- भारत उत्तर प्रदेश बहराइच र लखिमपुर (खिरी)
मुख्य बजारहरु :- राजापुर बजार / सोनपुर बजार / नयाँगाउँ बजार / बदालपुर त्रिवेणी बजार/ मानपुर टपरा बजार / खैरीचन्दनपुर बजार / शान्तिपुर बजार

**मुख्य पेशा** :- कृषी / पशुपालन/ व्यापार व्यावसाय

**खुला दिशामुक्त नगरपालिका घोषणा** :- २०७१ चैत्र २ गते

**धार्मिक तथा पर्यटकीय क्षेत्र** :- राजापुरको राम मन्दिर, गणेश थान मन्दिर, शिव मन्दिर / कोठियाघाट नेपालको सब भन्दा लामो पुल (१०१५ मि.), अर्नहुवा ताल ।

# राजापुर नगरपालिका केन्द्र निर्धारण तथा वडा विभाजन

| ५ नं. प्रदेश | नगरपालिकाको नाम | वडा नं. संख्या | नगरपालिका केन्द्र | वडा केन्द्र विभाजन |
|---|---|---|---|---|
| बर्दिया | राजापुर | १० | राजापुर | १ नं. वडा सोनपुर<br>२ नं. वडा नयाँगाउँ<br>३ नं. वडा पच्यागपुर<br>४ नं. वडा राजापुर<br>५ नं. वडा बदालपुर<br>६ नं. वडा मानपुर टपरा<br>७ नं. वडा रामपुर<br>८ नं. वडा धोबिनपुर<br>९ नं. वडा गोडियाना<br>१० नं. वडा खैरीचन्दनपुर |

# राजापुर नगरपालिकाको दोस्रो नगर सभामा नगर उप - प्रमुख बाट पेश भएको आर्थिक वर्ष २०७५/०७६ को बजेट

# बक्तब्य

**मूल नारा "कृषि, शिक्षा, पर्यटन र पूर्वाधार राजापुर विकासको मूल आधार"**

राजापुर नगरपालिकाको दोस्रो ऐतिहासिक नगर सभाका अध्यक्षज्यू,

नगर सभा सदस्यज्यूहरु,

यस राजापुर नगरपालीकाको उप - प्रमुखको हैसियतले यस सम्मानित नगरसभा समक्ष अगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वीत भएको छु। यस अवसरमा राजनितिक परिवर्तनको लागि जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। त्यसै गरी राष्ट्रिय स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नु हुने महान नेपाली नागरिक प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप संघीय स्वरुपको समावेशी जनप्रतिनिधि मुलक राज्यप्रणाली स्थापना भएको छ। नेपालमा लोकतान्त्रीक शासन प्रणाली संस्थागत भएको छ। राज्यका सम्पूर्ण श्रोत र सामर्थको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ।

आगामी आ. व. को बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४, नेपाल सरकारको निति तथा कर्यक्रम, श्रोत अनुमान तथा बजेट सिमा निधारण समिति, राजापुर नगर कार्यपालीकाका सदस्य ज्यूहरुले दिनु भएको सुझाबहरुलाई मार्गदर्शकको रुपमा लिएको छु। विभिन्न राजनितिक दल, संघ, संस्था, विद्धान वर्ग, विषयगत शाखाहरु तथा यस नगरपालिकाका कर्मचारीहरुबाट प्राप्त सुझाव यस नगरपालिका क्षेत्र भित्र रहनु हुने भएका सम्पूर्ण दिदी बहिनी, दाजु भाई बाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेत ध्यान दिएको छु।

सम्मानित अध्यक्ष महोदय,

# आर्थिक वर्ष २०७५/०७६ को लागि प्रस्तुत बजेट तथा नीतिहरु

क. प्रस्तुत बजेट तर्जुमा गर्दा देहायका विषय बस्तुहरुलाई मूल आधार र मार्गदर्शनको रुपमा लिई तर्जुमा गरेको छु ।

१. नेपालको संबिधान २०७२

२. स्थानीय सरकार संचालन ऐन, २०७४

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोग ऐन, २०७४

४. अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४

५. संघीय र प्रदेश सरकारले जारी गरेको निति कानुन तथा मापदण्डहरु

६. स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशन ऐन, २०७४

७. संघीय, प्रादेशिक र स्थानिय तहका आर्थिक विकास योजना

८. स्थानीय तहका मध्यकालीन खर्च संरचना

९. स्थानीय तहको स्रोत साधन

१०. विकासका अन्तर सम्बन्धी विषयहरु

११. नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट श्रृजित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदी ।

ख. वार्षिक योजना तथा बजेट प्राथमिकता गर्दा निम्न विषयलाई प्राथमिकता दिएको छु ।

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

ग) जनताको जिवनस्तर, आम्दानी र स्वरोजगारी बढ्ने ।

घ) स्थानीय सहभागिता जुट्ने, स्वयम सेवा परिचालन गर्न  सकिने तथा लागत कम लाग्ने ।

ङ) स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने ।

छ) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।

ज) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सक्षम पुऱ्याउने ।

झ) भाषिक तथा साँस्कृतिक जगेर्ना र सामाजिक सद्भाव तथा अभिबृद्धिमा सघाउ पुऱ्याउने ।

ञ) स्थानीय तहमा आवश्यक देखेका अन्य विषयहरु ।

**नगरसभाका अध्यक्ष / सदस्य महानुभाव ज्यूहरु,**

मध्यपश्चिम र सुदुरपश्चिमको सबभन्दा पुरानो बजार रहेको पश्चिम कर्णाली र पूर्व गेरुवा नदिले घेरिएको विभिन्न कारणले पछाडि भएको राजापुर नगरपालिकालाई विकासको उत्कृष्ट नमूना नगरपालिका वा नेपाल संघीय सरकारले राजापुर नगरपालिकालाई नयाँ सहर बनाउन यहाँहरुबाट मार्गदर्शन, सहयोग र सुझावको अपेक्षा राख्दै मैले आगामी आर्थिक वर्ष २०७५/०७६ मा राजापुर नगरपालीकाको बजेट कार्यक्रम तथा नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र सो सँग सम्बन्धीत विषयगत समितिहरु तथा विभिन्न निकाय बाट सिफारिस भई आएको सुझावहरु र नगर कार्यपालिका वोर्डबाट प्राप्त भई आएका निर्णयहरुका आधारमा आ. व. २०७५/०७६ को अनुमानित आय व्यय बजेट प्रस्तुत  गर्न गईरहेको छु ।

## आर्थिक वर्ष २०७४/०७५ को हाल सम्मको यथार्थ आय व्यय विवरण

| क. सं. | शिर्षक | अनुमानित आय | यथार्थ आय |
|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान | रु. २८,६५,१५,०००। | रु. २८,६५,१५,०००। |
| २ | शर्सत अनुदान | रु. ११,२१,६७,०००। | रु. ११,२१,६७,०००। |
| ३ | सामाजिक सुरक्षा भत्ता (सर्शत) | रु. ८,००,००,०००। | रु. ६,५५,९४,०००। |
| ४ | राजश्व अनुमान /आन्तरिक आय | रु. ८०,००,०००। | रु. १,४४,५१,४२९।०७ |
| ५ | अल्या | रु. ४,३४,५१,२०१। | रु. ४,३४,५१,२०१.०० |

## आर्थिक वर्ष २०७४।०७५ को २०७५ आषाढ ९ गते सम्मको अनुमानित व्यय र यथार्थ व्यय विवरण

| क. सं. | शिर्षक | अनुमानित खर्च | | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान | चालु रकम | रु. ८,८१,५६,१७२। | रु. ४,२८,०४,७७९।८३ | ४८.५६ |
| | | पुँजी रकम | रु.१९,८३,५८,८२८। | रु. १०,९६,७५,५७७।९४ | ५५.३० |
| | जम्मा | | रु. २८,६५,१५,०००। | रु. १५,२४,८०,३५७।८ | ५३.२२ |
| २ | शर्सत अनुदान | | रु. ११,२१,६७,०००। | रु. १०,१२,१४,१७७।६२ | ९०.२४ |
| ३ | सामाजिक सुरक्षा भत्ता (शर्सत) | | रु. ८,००,००,०००। | रु. ५,७८,९३,२००।०० | ७२.३७ |
| ४ | राजश्व अनुमान□ आन्तरिक आय | | रु. ८०,००,०००। | | |
| ५ | अल्या | | रु. ४,३४,५१,२०१। | रु. १,११,०५,१९२।७६ | २५.५६ |
| | जम्मा | | रु. ५३,०१,३३,२०१। | रु. ३२,२६,९२,९२८।२ | ६०.८७ |

# १. आय तर्फ

## राजापुर नगरपालिका

### २०७५/०७६ को अनुमानीत आय रकम

| क. सं. | स्रोत | रकम | जम्मा रकम |
|---|---|---|---|
| १ | संघीय सरकारको अनुदान | | |
| क | वित्तिय समानिकरण अनुदान | रु.१५,७२,००,०००। | रु.४३,६६,५४,०००। |
| ख | शर्सत अनुदान | रु.१८,०१,००,०००। | |
| ग | राजश्व बाँडफाँड | रु.९,९३,५४,०००। | |
| | जम्मा रकम | रु.४३,६६,५४,०००। | |
| २ | प्रदेश सरकारको अनुदान | | |
| क | वित्तिय समानिकरण अनुदान | रु.५०,१७,०००। | रु.२,९९,२३,०००। |
| ख | शर्सत अनुदान | रु.७५,००,०००। | |
| ग | राजश्व वाडफाँड | रु.१,७४,०६,०००। | |
| | जम्मा रकम | रु.२,९९,२३,०००। | |
| ३ | आन्तरिक स्रोत | | रु.१,५०,००,०००। |
| ४ | सामाजिक सुरक्षा सर्शत | | रु.८,००,००,०००। |
| ५ | अल्या रकम | | रु.३,००,००,०००। |
| | कुल जम्मा रकम | | रु.५९,१५,७७,०००। |

(अक्षरेपी रु. उनन्साठी करोड पन्द्र लाख सतहत्तर हजार मात्र)।

### अनुमानित व्यय शिर्षकहरु २०७५/०७६

| क. सं. | अनुमानित व्यय शिर्षक | विनियोजीत बजेट सिमा | सर्शत (संघ र प्रदेश) | जम्मा |
|---|---|---|---|---|
| १ | समपूरक कोष | रु. २,००,००,०००। | | रु. २,००,००,०००। |
| २ | कृषि शाखा (कार्यक्रम) | रु. ७५,००,०००। | रु. १३,५७,०००। | रु. ८८,५७,०००। |
| ३ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा(कार्यक्रम) | रु. ५०,००,०००। | रु. १४,०३,०००। | रु. ६४,०३,०००। |
| ४ | स्वास्थ्य शाखा (कार्यक्रम) | रु. ६०,००,०००। | रु. २,९९,९३,०००। | रु. ३,५९,९३,०००। |
| ५ | शिक्षा शाखा (कार्यक्रम) | रु. ७०,००,०००। | रु. १३,३७,८७,०००। | रु. १४,०७,८७,०००। |
| ६ | पशु शाखा (कार्यक्रम) | रु. ५०,००,०००। | रु. १०,८४,०००। | रु. ६०,८४,०००। |
| ९ | नगर स्तरिय भौतिक पूर्वाधार | रु. ६,२५,६२,४९०। | - | रु. ६,२५,६२,४९०। |
| ८ | खानेपानी तथा सरसफाई अनुदान | - | रु. ४,३८,०००। | रु. ४,३८,०००। |
| ९ | उर्जा | - | रु. १८,८८,०००। | रु. १८,८८,०००। |
| १० | बन तथा भू संरक्षण अनुदान | - | रु. १,०१,५०,०००। | रु. १,०१,५०,०००। |
| ११ | खेल मैदान | - | रु. ७५,००,०००। | रु. ७५,००,०००। |
| १२ | वडा तर्फ | रु. १०,००,००,०००। | - | रु. १०,००,००,०००। |
| १३ | चालु तर्फ | रु. १०,७४,२२,५१०। | - | रु. १०,७४,२२,५१०। |
| १४ | सामाजिक सुरक्षा | रु. ८,००,००,०००। | - | रु. ८,००,००,०००। |
| १५ | कन्टेन्जेन्सी | रु. ३४,९२,०००। | - | रु. ३४,९२,०००। |
| | जम्मा | रु. ३२,३९,७७,०००। | रु. १८,७६,००,०००। | रु.५९,१५,७७,०००। |

## वडामा पठाउने अनुमानित बजेट सिमा

| क. सं. | अनुमानित व्यय शिर्षक | अनुमानित बजेट सिमा | कैफियत |
|---|---|---|---|
| १ | १ नं. वडा | रु. १,००,००,०००। | |
| २ | २ नं. वडा | रु. १,००,००,०००। | |
| ३ | ३ नं. वडा | रु. १,००,००,०००। | |
| ४ | ४ नं. वडा | रु. १,००,००,०००। | |
| ५ | ५ नं. वडा | रु. १,०१,५०,०००। | |
| ६ | ६ नं. वडा | रु. ९९,००,०००। | |
| ७ | ७ नं. वडा | रु. ९९,००,०००। | |
| ८ | ८ नं. वडा | रु. ९९,००,०००। | |
| ९ | ९ नं. वडा | रु. ९९,००,०००। | |
| १० | १० नं. वडा | रु. १,०२,५०,०००। | |
| | कूल जम्मा रकम | रु. १०,००,००,०००। | |

## निति तथा कार्यक्रमहरु

१. नेपाल सरकार संघिय सरकारबाट प्राप्त शर्सत अनुदान सम्बन्धीत सर्तमा उल्लेखित कार्यक्रममा खर्च गर्नु पर्ने व्यवस्था छ ।

२. नेपाल सरकार तथा दातृ निकायबाट प्राप्त हुन आउने रकम सोहि प्रयोगमा खर्च गरिने छ । सो को विवरण समयमा पेश गर्ने व्यवस्था छ ।

३. समानिकारण अनुदान रकम नगरपालीकाले आफ्नो अनुकुलमा योजना कार्यक्रम बनाई कार्यन्वयन गर्ने व्यवस्था मिलाईने छ ।

४. विशेषकारण नगरसभामा पठाएको योजना परिवर्तन गर्नु पर्ने भएमा कार्यपालिकको बैठक बाट निर्णय गराई विशेष सभा बाट पास गर्नु पर्ने व्यवस्था हुनेछ ।

५. गैह सहकारी संस्थाहरुले यस नगरपालिका क्षेत्रमा विभिन्न कार्याक्रम संचालनका लागी आ - आफ्नो कार्यक्रमहरु पेश गरेकाले राजापुर नगरपालिका संगको समन्वय र अनुमतिमा मात्र कार्यक्रम संचालन गर्न अनुमति दिईनेछ ।

६. वडाको विनियोजीत बजेटको १५ % लक्षित वर्गको लागि खर्च गरिने व्यवस्था गरिएको छ ।

७. संघीय सरकार र प्रदेश सभाबट माग गरेको योजनाहरुको विवरण यसै साथ अनुसूचिमा उल्लेख गरिएको छ ।

८. उपभोक्ता समितिहरुले योजना कार्यन्वयनको सम्झौता अवधि भित्र काम सम्पन्न गर्ने यदि समयमा काम सम्पन्न नभएमा भुक्तानी ढिलो भए प्रतिदिन ०.२५% को दरले जरिवाना काति फरफारक प्रकृिया आदि बढाईनेछ ।

९. उपभोक्ता समिति सँग योजना सम्झौता गर्दा लागत अनुमानको अधारमा सम्झौता अवधि कायम गरिने छ ।

१०. नगरपालिकाको १ करोड बजेट सम्म भएको योजना उपभोक्ताको क्षमता अनुसार उपभोक्तालाई कार्यन्वयनको लागी जिम्मा दिन सकिने छ ।

११. मापदण्ड पुगेका बाटो सडकहरु मात्र स्तोरउन्ती गरिने छ ।

१२. नगरपालिका भित्र रहेको ठूला योजना नगरपालीकाको आय स्रोतले भ्याउन नसकिने योजना / आयोजना / कार्यक्रमहरु संघिय र प्रदेश सरकार समक्ष कार्यपालीकाले निर्णय गरी माग गर्न सकिने छ ।

१३. नगरपालिकाको नगर सभाले पास गरेको योजना कार्यन्वयन सहज सरल बनाउन कार्यपालीकाले वातावरण मिलाउनु पर्ने छ ।

१४. नगरपालिकाको नगरसभाबाट स्विकृत नभएका तर तत्काल कार्यान्वयन गर्नु पर्ने देखिएका योजना कार्यक्रमहरु कार्यपालीकाबाट निर्णय गराई कार्यन्वयन गर्न सकिने छ, तर यसरी गरिएका कार्यक्रममा त्यस पश्चात नगरसभाबाट अनुमोदन गराउनु पर्ने छ ।

**सम्मानित सभाअध्यक्ष महोदय,**

मैले प्रस्तुत गरेको बजेटको कार्यन्वयनबाट नेपाली जनताको संविधान प्रद्धत मौलिक अधिकार सुचिश्चित हुदै जाने र सार्वजानिक सेवाको प्रभावकारिता एंव गुणस्तर अभिबृद्धि हुने विश्वास लिएको छु । सामाजिक र आर्थिक क्षेत्रहरुमा निर्माणले तिब्रता पाउने भई नागरिकहरुले आर्थिक र सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसूस हुने मैले विश्वास लिएको छु ।

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने सम्मानित नगर प्रमुख, नगरपालिकाका सम्पूर्ण सदस्य, नगरपालीकाका प्रमुख प्रशासकिय अधिकृत ज्यू लगायतका सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट माथी व्यापक छलफल गरी राजापुर नगरकार्यपालिकाका सदस्यज्यूहरुले दिनु भएको सुभावका लागी म अभारी छु ।

अन्त्यमा यस राजापुर नगरपालिका को आर्थिक र समाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउने सबै राजापुर नगरपालिका नगरबासी हरु प्रति हार्दिक आभार प्रकट गर्दछु साथै यो बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा लिएको छु ।

प्रस्तुत कर्ता

...................................

नगर उप - प्रमुख

राजापुर नगरपालिका

मिति २०७५ साल ...... गते